## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः ७, असार २३ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (प्रथम संशोधन), २०७८

सभाबाट स्वीकृत मितिः २०७८।३।२३

व्यास नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिकाको नगर सभाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

१. दफा ३ (२) मा भएको प्रावधानको सट्टा तल लेखिए बमोजिम संशोधन गरिएको छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) विषयगत समितिका संयोजक मध्येमा बढिमा ४ जना -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(च) अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय -सदस्य

(छ) शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख -सदस्य

(ज) भूमि व्यवस्थापन तथा भवन इजाजत उपशाखा प्रमुख -सदस्य

(झ) नगर प्रहरी प्रमुख -सदस्य

(ञ) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य
(ट) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको प्रतिनिधि -सदस्य
(ठ) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको शाखा प्रमुख -सदस्य सचिव

२. दफा ३ (३) बमोजिम उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि क्रम संख्या (ट), (ठ), (ड), (ढ), (ण) र (त) का सदस्यहरु उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवं काम कारवाही गर्नमा असर पर्ने छैनको सट्टा उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि क्रम संख्या (ञ) र (ट) का सदस्यहरु उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवं काम कारवाही गर्नमा असर पर्ने छैन भन्ने प्रावधान राखी संशोधन गरिएको छ ।

३. दफा ६ (१), (२) मा भएको प्रावधानको सट्टा तल लेखिए बमोजिम संशोधन गरिएको छ ।
(१) नगरपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद व्यवस्थापन समिति रहने छ । समितिमा बढीमा १५ जना रहने छन् :
(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :
(क) वडा अध्यक्ष -संयोजक
(ख) वडा सदस्यहरू -सदस्य
(ग) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य
(घ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित कियाशील पाटीका प्रमुख वा प्रतिनिधि -सदस्य
(ङ) स्थानीय रेडक्रस -सदस्य
(च) गैर सरकारी तथा सामुदायमा आधारित संघ संस्था तथा युवा क्लवबाट संयोजकले तोके बमोजिम न्यूनत्तम १ जना महिला सहित बढीमा ४ जना -सदस्य
(छ) वडा सचिव -सदस्य सचिव

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत